# प्यूठान नगरपालिका

## प्यूठान नगर राजपत्र

खण्ड ३ भाग २ संख्या २९ प्यूठान नगरपालिकाद्वारा प्रकाशित मितिः २०७६/७/२०


# स्थानीय विकास कोष (स्थापना र संचालन) कार्यबिधि, २०७६

**बिषय सुची**


| सि.नं. | विवरण | पेज नं. |
|---|---|---|
| भाग १. | संक्षिप्त नाम र परिभाषा | |
| १. | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २. | परिभाषा | १-२ |
| भाग २ | कोषको स्थापना र संचालन | |
| ३. | कोषको स्थापना र संचालन | २-३ |
| ४. | संचालक समिति गठन | ३-४ |
| ५. | समितिका सदस्यहरुको पदाबधि | ४ |
| ६. | समितिका बैठक र बैठक भत्ता | ४-५ |
| ७. | कोषको कार्य | ५ |
| ८. | समितिको काम कर्तव्य र अधिकार | ६ |
| ९. | सदस्य सचिवको नियूक्ति तथा पारिश्रमिक | ६ |
| १०. | सदस्य सचिवको काम, कर्तब्य र अधिकार | ६ |


प्यूठान नगरपालिकामा स्थानीय विकास कोष संचालन कार्यबिधि सम्वन्धमा आवश्यक व्यवस्था गर्न बाञ्छनीय भएकोले,
प्यूठान नगरकार्यपालिकाले यो कार्यबिधि बनाएको छ ।

## भाग १.

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यबिधिको नाम "स्थानीय विकास कोष (स्थापना र संचालन) कार्यबिधि, २०७६" रहेको छ ।

(२) यो कार्यबिधि नगर कार्यपालिकाले निर्णय गरेको मिति २०७६।०७।२० बाट प्रारम्भ हुनेछ ।

२. परिभाषा:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :

(क) "कार्यपालिका"भन्नाले प्यूठान नगरकार्यपालिका सम्झनु पर्छ ।

(ख) "प्रमुख" भन्नाले प्यूठान नगरपाकिलाको प्रमुख संझनु पर्छ ।

(ग) "प्रमुख प्रशासकिय अधिकृत" प्यूठान नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत संझनु पर्छ ।

(घ) "वडा कार्यालय" भन्नाले प्यूठान नगरपालिकाका वडा कार्यालय संझनु पर्दछ ।

(ङ) "स्थानीय तह" भन्नाले नगरपालिका भन्ने सम्झनु पर्छ ।

(च) "कोष" भन्नाले यस कार्यबिधिको दफा ३ बमोजिम स्थापना र संचालन हुने "स्थानीय विकास कोष" सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले कोषको व्यवस्थापन र संचालन गर्न दफ ४ बमोजिम गठन भएको संचालक समिति संझनु पर्दछ ।

(ज) "संयोजक" भन्नाले समितिको अध्यक्ष संझनु पर्दछ ।

(झ) "सदस्य" भन्नाले समितिका सदस्य संझनु पर्दछ सो शब्दले समितिको संयोजक समेतलाई जनाउँछ ।

(ञ) "सचिव" भन्नाले दफा १० बमोजिम सदस्य सचिवको काम गर्ने गरि तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ट) "नगर विकास कार्यक्रम" भन्नाले प्यूठान नगरपालिका क्षेत्र भित्र स्थानीय विकास कोष अर्न्तगत संचालित सामाजिक परिचालन मार्फत संचालन भएको कार्यक्रमलाई संझनु पर्दछ ।

(ठ) "गरिवसँग विश्वेश्वर कार्यक्रम " भन्नाले हाल नगरपालिकाको स्थानीय विकास कोष अर्न्तगत संचालित गरिवसँग विश्वेश्वर कार्यक्रमलाई संझनु पर्दछ ।

(ड) "सामुदायिक संस्था" भन्नाले नगरपालिका स्थानीय विकास कोष अर्न्तगत संचालित नगर विकास कार्यक्रम तथा गरिवसँग विश्वेश्वर कार्यक्रम मार्फत





गठन भएका सामाजिक तथा आर्थिक विकासका लागि गठन भएका बस्ती स्तरमा महिला तथा पुरुष समुहहरु छुट्टा छुट्टै वा मिश्रितरुपमा आबद्ध भएको समुहलाई संझनु पर्दछ । यसले समुह, संघ, संजाल वा संगठनलाई समेत जनाउने छ ।

## भाग – २

३. कोषको स्थापना र संचालन

(क) स्थानीय विकास कोषको नामबाट नगरपालिकामा एक कोषको स्थापना हुनेछ ।

(ख) दफा ३ (क) बमोजिम स्थापना भएको कोषमा देहाय बमोजिमका रकम हुनेछन :

(१) जिल्ला समन्वय समितिबाट हस्तान्तरण भई आएको स्थानीय विकास कोष सचित रकम र सो शिर्षकमा नगरको सञ्चित कोष ।

(२) जिल्ला ससन्वय समितिबाट हस्तान्तरण भएको गरिवसँग विश्वेश्वर कर्यक्रमको वीउपुँजी रकम र नगरपालिकाको पुँजी ।

(३) साबिक जुम्रिकाँडा गा.वि.स. हाल प्यूठान नगरपालिका वडा नं.५ स्थित सामुदायिक बिकास कोषमा रहेको रकम ।

(४) जिल्ला समन्वय समितिबाट हस्तान्तरण भएको कर्मचारी कल्याणकोष बापतको रकम ।

(५) नगर विकास कार्यक्रम, गरिवसँग विश्वेश्वर कार्यक्रम तथा अन्य विशेष कार्यक्रम संचालन गर्न नेपाल सरकारबाट प्राप्त अनुदान र रकम ।

(६) विदेशी मित्रराष्ट द्विपक्षिय र बहुपक्षिय दात्र संस्था, अर्न्तरसरकारी संगठन, अर्न्तराष्ट्यि गैर सरकारी सस्था वा व्यक्तिबाट प्राप्त अनुदान तथा ऋण रकम ।

(७) नगरपालिकाबाट प्राप्त समपुरक कोष (Matching Fund) तथा अन्य अनुदानबाट प्राप्त रकम ।

(८) कोषले आफ्नो रकम र चल अचल सम्पत्ति लगानी गरेवापत प्राप्त व्याज, सेवा शुल्क र हर्जाना रकम ।

(९) कोषले नेपाल सरकार, नगरपालिका, अन्य कोष बैंक वित्तीय संस्था वा ऋण प्रदान गर्ने अन्य संघ सस्थाबाट लिएको ऋण तथा सापटी ।

(१०) सामुदायिक संस्थाले लगानीको रुपमा जम्मा गर्न ल्याएको बचत र कम, तथा अन्य श्रोतबाट प्राप्त रकम ।

(ग) समितिले कोषको रकम नगर स्थित समितिले निणर्य गरेको कुनै बैंकमा खाता खोली राखिने छ

(घ) कोषको खाता समितिको निर्णय भए बमोजिमका पदाधिकारीहरुको संयूक्त दस्तखतबाट संचालन हुनेछ ।

(ङ) स्थानीय विकास कोषको संचालन तथा व्यवस्थापन खर्चहरु प्यूठान नगर पालिकाको अनुदान रकमबाट व्यहोरिनेछ तर यसरी अनुदान रकम प्राप्त हुन नसकेमा स्थानीय विकास कोष अर्न्तगत गरिवसँग विश्वेश्वर कार्यक्रमको विउपूजी कोषको रकम बाहेकको रकमबाट ब्यहोरिनेछ ।

(च) प्यूठान नगरपालिकाले नगरक्षेत्र भित्र रहने गरिव समुदायको जिबनस्तर अभिबृद्धि गर्न यस कोषमा समपुरक रकम राखि परिचालन गर्न सक्नेछ । यस्तो समपुरक रकम बार्षिक रुपमा राख्न प्रभावकारी हुनेछ ।

(छ) यस कोषबाट जिल्ला समन्वय समितिको कार्यालयबाट हस्तान्तरण भएको रकम मध्ये गरिवसंग विश्वेश्वर कार्यक्रम शिर्षकमा प्राप्त रकम बिउ पूजी कोष बाहेकको रकमबाट जिल्ला समन्वय समितिको कार्यालयबाट हस्तान्तरित कर्मचारीको तलब, भत्ता, अवकाश खर्च लगायत सेवा, सुविधा प्रदान गर्न सकिने छ ।

(ज) गरीबसँग विश्वेश्वर कार्यक्रम वडा नं. २ र ८ मा सञ्चालन गर्ने र स्थानिय विकास कोष अर्न्तगत सामाजिक परिचालनका कार्यक्रमहरु प्यूठान नगर पालिकाका सबै वडाहरुमा परिचालन गरिने छ ।

४. संचालक समिति गठन :

कोषको संचालन र व्यवस्थापनको लागि देहाय बमोजिमका सदस्य रहेको एक संचालक समिति गठन हुनेछ :

(क) प्यूठान नगर कार्यालिकाबाट मनोनित एक जना कार्यपालिकाको सदस्य - संयोजक





(ख) स्थानीय स्तरमा गरिवी निबारण तथा सामाजिक परिचालनको क्षेत्रमा कार्य गरेका गैर सरकारी संस्था मध्ये कार्यपालिकाले मनोनित गरेको एक जना - सदस्य

(ग) प्यूठान नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतले तोकेको कर्मचारी- सदस्य

(घ) नगर विकास कार्यक्रम र गरिवसँग विश्वेश्वर कार्यक्रम लागु भएका वडाहरुबाट समुह/ संजाल/सामुदायिक संस्थामा आवद्ध कम्तीमा एक जना महिला सहित लागु भएका समितिको सिफारि समा कार्यपालिकाबाट मनोनित दुई जना - सदस्य

(ङ) समितिले मनोनित गरेको गरिवी निबारणमा अनुभव प्राप्त समाज सेवी मध्ये महिला प्रतिनिधि एकजना - सदस्य

(च) जिल्ला समन्वय समितिबाट हस्तान्तर भएका स्थानीय विकास कोषका प्रशासन तथा लेखा सहायक कर्मचारी - सदस्य सचिव

(छ) भाग २ दफा ४ च को कर्मचारी प्राप्त नभएमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी - सदस्य सचिव

(५) समितिका सदस्यहरुको पदावधिः

(क) दफा ४ को (ख), (घ) र (ङ) बमोजिम छानिएका प्रतिनिधिहरुको पदावधि आफु छानिएको मितिले बढिमा २ बर्षको हुनेछ ।

(ख) समितिका सदस्यहरु पुन छनौट हुन यस विनियमले बाधा पुर्याएको मानिने छैन । तर लगातार दुई पटक भन्दा बढि समय सम्म एउटै व्यक्तिलाई छनौट गर्न पाईने छैन ।

(ग) समितिको सदस्यहरुको छनौट साविकमा भएका सदस्यहरुको पदाबधि सकिनु भन्दन एक हप्ता अघि गरिने छ ।

(घ) समितिका सदस्यले स्वेच्छाले पदत्याग गर्न चाहेमा समिति मार्फत लिखित रुपमा राजिनामा प्रस्तुत गर्नेछन् ।

(ङ) पदावधि बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त हुन आएमा त्यस्तो रिक्त स्थानको पूर्ति बाँकी अवधिको लागि हुनेछ । तर तीन महिना भन्दा कम अवधिको लागि रिक्त पदपूर्ति गर्नु अनिवार्य हुने छैन ।

६. समितिको बैठक र बैठक भत्ता :

(क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ख) समितिको बैठक समितिको संयोजकले तोकेको मिति र समयमा बस्नेछ ।

(ग) समितिले कुनै व्यक्ति, पदाधिकारी तथा विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । (तर त्यस्तो आमन्त्रित व्यक्ति वा सदस्यलाई बैठकमा मतदान गर्ने अधिकार हुने छैन ।

(घ) समितिको बैठकमा भाग लिए बापत समितिका सदस्यले प्यूठान नगरपालिकाको नियमानुसार बैठक भत्ता पाउने छन् । यस्तो भत्ता प्यूठान नगरपालिकाबाट चालु खर्च शिर्षकबाट प्राप्त गर्नेछन् । यस्तो खर्च यस कोषको रकमबाट गर्न बन्देज हुने छैन ।

७. कोषको कार्य :

कोषले गर्ने कार्यहरु देहाय बमोजिम हुनेछन् :

(क) नगरपालिकाका अर्न्तगत नगर विकास कार्यक्रम र गरिवसँग विश्वेश्वर कार्यक्रम संचालन भएका क्षेत्रका वस्ती तहमा गठन भएका सामुदायिक संस्था /समुहहरुको गठन, पूर्नगठन र आर्थिक, सामाजिक अभिबृद्धिमा सहयोग गर्ने ।

(ख) कार्यक्रम क्षेत्रमा आवश्यकता अनुसार तालिम, गोष्ठि संचालन गर्ने ।

(ग) सामाजिक परिचालक / स्थानीय सहजकर्तालाई कार्य क्षेत्रमा खटाउने । कार्यक्रमको अनुगमन गर्ने, प्रगति प्रतिवेदन तयार गर्ने ।

(घ) कोषले सामुदायिक संस्थालाई ऋण उपलब्ध गराउन सक्नेछ । ऋण उपलब्ध गराउनु पूर्वनिम्न शर्तहरु पुरा गरेको हुनु पर्नेछ ।

(१) सामुदायिक सस्था / समुह आफ्नो वडा कार्यालयमा आबद्ध भई नगरपालिकाको स्थानीय विकास कोषमा सुचिकृत भएको हुनु पर्नेछ ।

(२) सामुदायिक सस्थाले आफ्नो नियमित बैठक बसेको, बचत संकलन गरेको, बचत लगानी असुली गर्ने गरेको हिसाव अभिलेख व्यवस्थित रुपमा अपनाएको हुनु पर्नेछ ।

(३) सामुदायिक संस्थाको वडा स्तरिय वा कार्यक्रम स्तरिय संजाल गठन भई ऋण पुँजीमाग गर्न वडा कार्यालयलाई सिफारिस गर्ने अनुरोध गरेको हुनुपर्ने ।





(४) ऋणपुजी ,विउपूजी माग गर्दा कुन उद्धेश्यको लागि लगानी गर्ने स्पष्ट हुनु पर्ने । सामुदायिक संस्थाको बैठकको निर्णय, संजाल तथा वडा कार्यालयको सिफारिस, तमसुक, निबेदन आदि आबश्यक कागजातहरु समितिमा पेश गर्नु पर्ने ।

(च) कोषले सामुदायिक संस्थालाई अधिकतम १० प्रतिशत बार्षिक व्याजदर कायम गरी ऋण लगानी गर्न सक्नेछ । गरिवसँग विश्वेश्वर कार्यक्रम मार्फत वार्षिक सयकडा ५ प्रतिशत व्याजदरमा लगानी हुँदै आएकोमा सोही बमोजिम लगानी गर्नुपर्ने छ ।

(छ) भुक्तानी कर्यक्रम बमोजिम साँवा किस्ता रकम र सोको व्याज तोकीएको मितिमा चुक्ता नगरेमा सामुदायिक सस्थाले निर्धारित अवधि पछि भाका नाघेको किस्ता रकमको २ प्रतिशत हर्जाना थप गरी कोषलाई बुझाउनु पर्नेछ ।

८. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कोष संचालन सम्वन्धमा नीति निर्माण गरी स्वीकृतिका लागि नगरकार्यपालिका /नगरसभा समक्ष पेश गर्ने ।

(ख) कोषको कार्यक्रम तथा चालु बजेट तयार गरि नगरकार्यपालिका / नगरसभा समक्ष पेश गर्ने,

(ग) सामुदायिक संस्थालाई ऋण तथा विउपूँजी प्रदान गर्ने सोको अनुगमन, मूल्यांकन गर्ने र आवश्यक सुझाव तथा निर्देशन दिने,

(घ) कोषका कर्मचारीहरुको सेवा सुविधा सम्वन्धी नीति तयार गरी नगरसभाद्वारा अनुमोदन गराउने,

(ङ) कोषमा दर्ता हुन आउने सामुदायिक संस्था दर्ता गराउने ।

(च) नेपाल सरकारबाट गरिवसँग विश्वेश्वर कार्यक्रममा प्राप्तहुने अनुदान खर्च गर्न योजना तर्जुमा गरि कार्यक्रम स्वीकृतको लागि नगर कार्यपालिका समक्ष पेश गर्ने ।

९. सदस्य सचिवको नियुक्ति तथा पारिश्रमिक :

(१) कोषको सदस्य सचिवको तलब, भत्ता, र सेवाका शर्त तथा सुविधा नगर सभाको निर्णय बमोजिम हुनेछ । उक्त सेवा सुविधा हस्तान्तरण भई आएको रकमबाट खर्च गर्न यस कार्यबिधिले बाधा पुर्‍याएको मानिने छैन ।

(२) सदस्य सचिवको अबकाश हुँदा स्थानिय तहमा खडा गरिएको अबकाश कोष वा

कल्याण कोष तथा स्थानिय बिकास कोषबाट नियामानुसार उपदान लगायतको सेवा सुबिधा दिईने छ ।

**(१०) सदस्य सचिवको काम कर्तव्य र अधिकार :**

(क) समितिको निर्देशनमा रही कोषको आर्थिक तथा प्रशासनिक कार्य गर्ने,

(ख) समितिको नीति निर्णयहरु लागु गर्ने

(ग) कर्मचारीहरुको कार्य विभाजन गर्ने तथा तिनीहरुको कार्यक्षमताको मूल्यांकन गर्ने,

(घ) समितिको सामान्य निर्देशनमा रही कोषको उद्धेश्य परिपूर्ति गर्न अन्य कार्यहरु गर्ने ।

आज्ञाले

टोपेन्द्र वहादुर के.सी.

२०७६/७/२०

प्यूठान नगरपालिका